**यस ताप्ली गाउँपालिकाको उपाध्यक्ष श्री कमलमाया राईज्यु बाट प्रस्तुत बजेट बक्तब्य**

सभाध्यक्ष महोदय,

अब म यस ताप्ली गाउँपालिकाको आगामी आर्थिक बर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहान्छु।

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.ब. २०७८/७९ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क ~~दस्तुर~~ आदिबाट कुल २१,००,०००/- (अक्षरेपी :एक्काइस लाख ) राजश्व प्रास हुने अनुमान गरिएको छ । आ.ब. २०७७/७८ को लागि स्वीकृत करको दर ताप्ली गाउँपालिकाको आर्थिक ऐन २०७८ मा व्यबस्था गरिए बमोजिम हुनेछ ।

मिति २०७७ साल जेष्ठ महिनाको १५ गते व्यबस्थापिका संसद केन्द्रिय सरकारका अर्थ मन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०७८/७९ मा यस गाउँपालिकाको लागि नेपाल सरकारले दिने वित्तीय समानीकरण अनुदानको हिस्सा रु. ७,९४,००,००० सात करोड चौरानब्बे लाख , राजस्व बाँडफाँड अन्तर्गत रु. ६,१०,५१,०००/-(छ करोड दस लाख एकाबन्न हजार मात्र ।) प्रास भएको छ । सोहि बजेट बक्तब्यमा घोषणा भए अनुसार सशर्त अनुदानको रुपमा १६,४६,००,०००/- (अक्षरेपी : सोह्र करोड छयालिस लाख ) , बिशेष अनुदानको रुपमा १३७,००,०००/-( एक करोड सैतिस लाख ) र समपुरक अनुदान रुपमा ५६,००,०००/- प्रास भएको छ । उक्त अनुदानहरुको कार्यक्रम समेत प्रास भइसकेको छ । यस बर्ष प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि प्रास हुने वित्तिय समानीकरण अनुदान रु. ४३,७३०००(त्रिचालिस लाख त्रिहत्तर हजार ) भएको छ भने प्रदेश राजस्व बाँडफाँड अन्तर्गत रु. २८१३५६०/-(अट्ठाईस लाख तेह्र हजार -पाँच सय साठी मात्र ) रहेको छ । यस गाउँपालिकाको अन्य आम्दानी तर्फ १४२००००/- (चौध लाख बिस हजार) जम्मा हुने अनुमान गरिएको छ । अतः यी सम्पूर्ण रकमहरुको जम्मा गरि आगामी आ.ब. २०७८/७९ को लागि यस ताप्ली गाउँपालिकाबाट परिचालित हुने कुल बजेट रु. ३३,५०,५७,५६०/- (अक्षरेपी : तेत्तिस करोड पचास लाख सन्तावन्न हजार पाँच सय साठी मात्र ) हुने अपेक्षा गरिएको छ । यसमा श्रम जनसहभागिताको रकम तथा संघिय सरकार बाट प्रास हुने सामाजिक सुरक्षा वापतको रकम समाबेस गरियको छैन । यस गाउँपालिकामा क्रियाशील रहेको विभिन्न संघसंस्थाहरुले आ.व. २०७८/७९ कार्यान्वयन गर्न पेश

गरेका कार्यक्रम र बजेट अनुसूचीमा सामबेश गरिएको छैन | त्यस्तै साना सिंचाई कार्यक्रम (□□□) अन्तर्गतको कार्यक्रम पनि अनुसूचीमा समाबेश गरिएको छैन |

सभाध्यक्ष महोदय ,

अब म व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु | यस बर्षको कुल बजेट रु. ३३,५०,५७,५६०/- (तेत्तिस करोड पचास लाख सन्ताबन्न हजार पाँच सय साठ्ठी ) मध्ये  सशर्त अनुदानको रुपमा १६,४६,००,०००/- (अक्षरेपी : सोह्र करोड छयालिस लाख  ) , बिशेष अनुदानको रुपमा १३७,००,०००/- ( एक करोड सैतिस लाख ) र समपुरक अनुदान रुपमा ५६,००,०००/- बिनियोजन गरिएको छ | जुन कार्यक्रम विषयगत  मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ र वित्तीय समानीकरण अनुदान, गत बर्षको मौजदात र आन्तरिक राजश्व समेत गरेर रु. १५,११,५७,५६०/- (पन्ध्र करोड एघार लाख सन्ताबन्न हजार पाँच सय साठ्ठी ) बिनियोजन गरिएको छ | वित्तीय समानीकरण अनुदान र राजश्व मध्य चालु तर्फ रु.४,००,५७,५६०/- (चार करोड सन्ताबन्न हजार पाँच सय साठ्ठी  ( ११.९६ प्रतिशत ) तथा पुँजीगत तर्फ रु. २९,५०,००,०००/-(तिस करोड बयानब्बे लाख छत्तिस हजार ) (८८.०४ प्रतिशत) बिनियोजन गरिएको छ | पुँजीगत तर्फका कार्यक्रमहरु मध्य आर्थिक विकास(३.०१%) ,सामाजिक विकास (२.५%), पुर्बाधार विकास अन्तर्गत (१८.८०%) बजेट बिनियोजन गरिएको छ | जस अन्तर्गत वातावारण तथा बिपद् ब्यबस्थापनमा रु.७०,००,०००, (सत्तरी लाख ) रहेको छ र यस मध्य कोभिड -१९ ब्यबस्थापनमा ५०,००,०००(पचास लाख ) र विपद ब्यबस्थापन तर्फ २०,००,०००(बिस लाख ) बिनियोजन गरिएको छ | आर्थिक विकास तर्फको कृषि तर्फ रु. ५०,००,०००/-, (पचास लाख) पशु तर्फ रु. ५०,००,०००(पचास लाख ) बिनियोजन गरिएको छ | सामाजिक विकास तर्फ शिक्षामा रु. १,००,००,०००/-(एक करोड)  स्वास्थ्यमा रु. ६०,००,०००/- (साठ्ठी लाख) संस्कृति प्रबर्धनमा खेलकुद तथा मनोरन्जनमा रु. ५,००,०००/- (पाँच लाख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा ३३,००,०००/-(तेत्तिस लाख) (१%) बिनियोजन गरिएको छ | संस्थागत विकास सेवा प्रवाह र सुशासन सूचना प्रविधि तर्फ रु . ६५,००,०००/-(पैसठ्ठी लाख ) (१.९४ प्रतिशत) बिनियोजन गरिएको छ | आय व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको बिस्तृत विवरण अनुसूचीमा संलग्न गरिने छ | प्रस्तुत निति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिकाको,

पालिका क्षेत्रको आर्थिक सामाजिक  पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी बिकासको आधार खडा हुने अपेक्षा लिएको छु ।

यसमा गत आ.व २०७६/७७ बाट अ.ल्या. गरिएको तपसिलका योजनाहरुको सबै रकम प्राप्त भएमा जुन जुन योजनाबाट अ.ल्या. गरिएको हो त्यही शिर्षकमा खर्च गर्ने र यदि सबै रकम प्राप्त नभएमा योजनाहरुको प्राथमिकता तोकी खर्च गरिने छ ।

तपसिल :

| सि.न. | योजना | रकम |
|---|---|---|
| १. | नारिमाला लेखगाउँ सडक | ५०,००,००० /- |

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाको छैटौ गाउँ सभाद्वारा पारित बार्षिक बजेट र नीति तथा कार्याक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमुल्य सुझाब र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाको सम्पूर्ण जनसमुदाय गाउँपालिकाको अध्यक्ष ज्यु ,वडा अध्यक्षज्युहरु ,गाउँपालिकाको सदस्यज्युहरु , विषयगत समितिका संयोजक तथा सदस्यज्युहरु, गाउँपालिका कर्मचारीहरु , बिभिन्न विषयगत कार्यलयका प्रमुख एबं प्रतिनिधिहरु, दात्री निकायहरु , गै.स.स. नागरिक समाज , पत्रकार मित्रहरु , लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । त्यसै गरि सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको सुरुवात सँगै आजको यस सार्वजनिकिकरण समारोहलाइ सफलता पुर्वक सम्पन गर्ने समयसम्म गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुर्याएको योगदानको लागि उच्च मूल्यांकन गर्दै आभार प्रकट गर्न चाहान्छु ।

अन्त्यमा ,प्रस्तुत योजना ,नीति र कार्यक्रमहरुको सफल कार्यान्वियनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने बिश्वास लिदै बिदा हुने अनुमति चाहान्छु ।

धन्यबाद

कमल माया राई
उपाध्यक्ष